बैठक संख्या ४६ | मिति २०७५/११/१४

आज मिति २०७५ साल फाल्गुण १४ गते मंगलबार दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १७ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १८ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १९ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २१ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भुर्तेल | सचिव | |
| २२ | खरिदार | -श्री सौजनकटुवाल | आमन्त्रित | |
| २३ | न.प्र. स्वकीय सचिव | -श्री गजेन्द्र खनाल | आमन्त्रित | |

मिति २०७५/११/१४ गते बसेको नगर कार्यपालिका (बोर्ड) बैठकका निर्णयहरु

१.महालेखा परीक्षकको कार्यालयबाट अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन वाचन गरी सुनाईयो ।प्रतिवेदनमा औल्याईका कमि कमजोरीहरुलाई सुधार गर्दै देखाइएका बेरुजुहरु नियमानुसार फछ्यौंट गर्ने ।

२.अर्जुनधारा नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ मा देहाय बमोजिम संशोधन गर्ने

कार्यविधिको बुँदा नं. ३ को परिभाषा खण्डमा

त) शिक्षा हेर्ने संघीय मन्त्रलाय

थ) शिक्षा अधिकृत को सट्टामा शिक्षा शाखा प्रमुख

बुँदा नं. ५ शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकिएको व्यक्ति (थप गर्ने)

बुँदा ५ को (३) नगरपालिकाको शिक्षा प्रमुख कायम गर्ने

बुँदा ६ पछि ६ (१) मा थप्नुपर्ने :- तर यस अधि नगरपालिकाको भौगौलिक क्षेत्रभित्र स्थापना भई संचालनमा रहिरको र नियमानुसार स्थानान्तरणको (नाम परिर्वतन) लागि आवेदन दिई प्रक्रियामा रहेका विद्यालयहरको हकमा आवश्यकता र औचित्यताको आधारमा उपयुक्त देखिएमा स्तरवृद्धि नगर्ने गरी एक पटकलाई संचालन अनुमति दिई नियमन गर्न सकिनेछ ।

बुँदा २१ को (ङ) मा शिक्षा अधिकृतसँग समन्वय गरी भन्ने वाक्यांश हटाउने ।

बुँदा २२ को शिर्षकमा अधिकृत शब्दको सट्टा शाखा प्रमुख भन्ने शब्द राख्ने ।

बुँदा २३ खारेज गरिएको ।

बुँदा २४ (ख) नगरपालिकाले तोकेको सदस्यहरुबाट कम्तिमा एक जना महिला सहित दुई जना बनाउने ।

घ) र ङ) नगरपालिका भित्र रहेका सामुदायिक तथा संस्थागतबाट नगरपालिकाले मनोनित रहेको कम्तिमा एक जना महिला सहित दुई जना (बनाउने)

च) नगरपालिका भित्रका व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट आफु मध्येबाट छानि पठाइएको व्यक्ति एक जना ( बनाउने)

बुँदा न २६ हालको वि.स. सट्टा शिक्षा ऐन (१२) बमोजिमको समिति बनाउने ।

बुँदा ३२ ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा नीजले तोकेको अधिकृतस्तरको कर्मचारी (बनाउने)

बुँदा ३६ (४) शिक्षा, नियमावली, २०५९ को नियम ४० बमोजिम हुने (बनाउने) ,साथै, जिल्ला शिक्षा अधिकारीको सट्टा शिक्षा शाखा प्रमुख तथा जिल शिक्षा कार्यालयको परीक्षा शाखा हेर्ने अधिकृतको सट्टा शिक्षा शाखाको शाखा अधिकृत राख्ने ।

बुँदा ३६ (७):- १.परीक्षा समितिको बैठकमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई अनविार्य आमन्त्रण गर्नुपर्नेछ ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा

२. नगरपालिका स्तरीय निजी तथा आवासीय विद्यालय अर्गनाइजेशनका अध्यक्ष तथा शिक्षक महासंघका अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

३.शनिश्चरे बजार बाट खुदुनाबारी जाने सडक कालोपत्रे तथा विस्तारका लागि ठेक्का लागि कार्य सुरु भई सकेकाले सो सडकको साविकको मापदण्ड कायमै रहने गरी हाल: निर्माणको कार्य हुने ४६ फिट सडक क्षेत्रमा पर्ने संरचनाहरु हटाई सडकक्षेत्र खाली गर्न सम्बन्धित वडा कार्यालयहरुले सार्वजनिक सुचना प्रकाशन गरी सडक खाली गर्ने ।

५.शनिश्चरे बजारमा रहेको महिला दलित आदिवासी जनजाति सामुदायिक भवनको भुई तल्ला तथा नगरपालिकाको स्वामित्वमा रहेका अन्य टहरा तथा कोठाहरुमा भाडा नतिरी बसेको व्यवसायीहरुको लगत संकलन गरी बक्यौता असुल उपर गर्ने तर्फ सम्बन्धित वडा कार्यालयले आवश्यक कारबाही अघि बढाउने ।

६.अर्जुनधारा नगरापालिका भित्रका माध्यमिक विद्यालयहरुको व्यवस्थापन समिति गठन नभएका माध्यमिक विद्यालयहरुको व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा सम्बन्धित वडाका वडा अध्यक्ष,प्रधानाध्यापक ,राजनैतिक दलका प्रतिनिधि ,नगर कार्यपालिकाको कार्यालयका शिक्षा शाखा एवं नगरपालिकाको संयुक्त छलफल गरी निष्कर्षमा पुग्ने ।उक्त छलफलबाट निष्कर्षमा नपुगिएमा कार्यपालिका बैठकबाट उचित निर्णय गर्ने ।

७.अर्जुनधारा नगरपालिकाका प्राथमिक विद्यालयहरुलाई नमुना विद्यालय बनाउने सम्बन्धमा शैक्षिक यात्री श्री अर्जुन भट्टद्वारा पेश गर्नु भएको Learning Environment Facilitor प्रस्ताव नगरपालिकाका सबै प्राथमिक विद्यालयहरुमा समेत सहयोग गर्ने तथा वडा नं ५ का प्राथमिक विद्यालयरुको आफ्नो कार्यक्रम सञ्चालन गर्ने गरी स्वीकृत गर्ने ।

८.अर्जुनधारा नगरपालिकाको सुरक्षा चुनौति मध्यनजर गर्दै यस क्षेत्रमा ईलाका स्तरीय प्रहरी कार्यालयको आवश्यकता रहेको हुँदा अर्जुनधारा नगरपालिकाको वडा न २ मा नेपाल प्रहरीको ईलाका स्तरीय कार्यालय स्थापना गर्न जिल्ला सुरक्षा समितिमा अनुरोध गर्ने ।

९. अर्जुनधारा नगरपालिका अन्तर्गत वडा नं ४ को दहिझोडा तथा भांगबारी ,वडा न २ को साठीमुरे, वडा नं ५ को बैसावाडी तथा पानिकल,वडा नं ८को देविथान चौक उत्तर वडा नं. ९ को चारघरे चौक वडा नं. ११ को तिनपैनी चौकमा विद्युत भोल्टेज कम भई ट्रान्सफर्मर राख्नु पर्ने देखिएको हुँदा सोको व्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरण समक्ष अनुरोध गर्ने ।साथै,शनिश्चरे बजार चौकमा रहेको विद्युत ट्रान्सफर्मर आसपासको उपयुक्त स्थानमा स्थानान्तरण गर्ने नेपाल विद्युत प्राधिकरण समक्ष अनुरोध गर्ने ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं.प्रदेश, नेपाल

१०.अर्जुनधारा नगरपालिकाको वडा नं. १ ,२ र ३ (साविक खुदुनाबारी गाविस) क्षेत्रको मालपोत दर सम्बन्धमा साविकका स्थानीय निकायका परिषद्ले निर्धारण गरेको दररेट अनुसार नै तथा बक्यौतामा ३५ प्रतिशत जरिवाना लाग्ने गरी असुल उपर गर्ने ।

११.राष्ट्रपति चुरे मधेश तराई विकास समिति अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने गल्छी,पहिरो खहरे रोकथामका लागि मिति २०७५/०९/११ को कार्यपालिका बैठकबाट रकम विनियोजन भएकामा उक्त निर्णय देहाय बमोजिम संशोधन गर्ने ।साथै उक्त आयोजनाहरु मध्ये कार्य सम्पन्न हुन बाँकी रहेका सबै योजनाहरुमा तारजाली खरिद,ढुंगा खरिदमा जनसहभागिता ५ प्रतिशत राख्ने ।साथै,नगरस्तरीय अनुगमन समितिबाट विनियोजित रकमबाट सञ्चालन हुने योजनाको स्थान छनौट गर्ने ।

| साविक | | संशोधित | | |
|---|---|---|---|---|
| वडा | रकम (रु) | वडा | रकम (रु) | कैफियत |
| १ | ६५ लाख मात्र । | १ | ६० लाख मात्र । | ३ स्थानमा |
| २ | २५ लाख मात्र । | २ | २० लाख मात्र । | १ स्थानमा |
| ३ | २५ लाख मात्र । | ३ | २० लाख मात्र । | १ स्थानमा |
| ४ | २५ लाख मात्र । | ४ | २० लाख मात्र । | १ स्थानमा |
| | | ५ | २० लाख मात्र । | १ स्थानमा |

१२.यस नगरपालिकाले पशु पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरी पशुपालक किसानहरुलाई दुग्धजन्य सामाग्री उत्पादनमा प्रोत्साहन गरिरहेकामा त्यसरी दुग्धजन्य सामाग्री उत्पादक किसानहरुको दुध डेरी उद्योगहरुले संकलन ,खरिद गर्ने सम्बन्धमा कृषक,डेरी उद्योग तथा नगरपालिकाको आपसी समन्वयमा सम्झौता गर्ने ।

१२.नगरपालिकाका विषयगत शाखाहरुमा आवश्यक पर्ने सामाग्रीहरुको खरिद प्रक्रियाका लागि सामाग्रीको अनुमानित विवरण समयमै सम्बन्धित शाखामा पेश गरी आवश्यक कारबाही अघि बढाउने ।

१३.यस नगरपालिकामा सञ्चालन हुने गरी विभिन्न निकायहरुमा योजना तथा बजेट माग गर्न सिफारिस गर्नुपरेमा नगर कार्यपालिका बैठकबाट निर्णय भएपछि मात्र सिफारिस गर्ने ।

१४.यस नगरपालिकामा विभिन्न क्षेत्रहरुमा नेपाल टेलिकमको गुणस्तरीय मोबाईल सेवा नपुगेको देखिएकाले क्षमता विस्तार गरी गुणस्तरीय मोबाईल सेवा उपलब्ध गराउने व्यवस्थाका लागि नेपाल टेलिकम समक्ष अनुरोध गर्ने

१५.यस नगरपालिकाको स्वीकृत दरबन्दी संरचना अन्तर्गत रही हाल दैनिक ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको ज्याला भुक्तानीलाई अनुमोदन गरी निजहरुलाई स्वीकृत जिल्ला दररेट एवं नगर सभाको निर्णयानुसार नगर प्रमुख तथा उप प्रमुखको सचिवालयमा कार्यरत कर्मचारीहरुलाई खाई पाई आएको तलब, भत्ता तथा पारिश्रमिकलाई अनुमोदन गर्दै नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च हुने गरी उपलब्ध गराउने ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनिश्वरे, झापा नेपाल

१६.आगमी मार्च ८ मा पर्ने अन्तराष्ट्रिय नारी दिवश अर्जुनधारा नगरपालिकामा विविध कार्यक्रम गरी भव्य रुपमा मनाउने ।सोका लागि आवश्यक रकम रु १ लाख मात्र विनियोजन गर्ने ।

१७.वडा नं ११ मा आधारभुत स्वास्थ्य संस्था (वडा स्वास्थ्य कार्यालय ) निर्माणका लागि अर्जुनधारा-११ बस्ने श्री मनोजकुमार बान्तावा राईले निजको नाममा दर्ता कायम साविक शनिश्चरे ६ हाल अर्जुनधारा ११ को कि.नं. ३८७३ ज.वि. ०-२-० जग्गा उपलब्ध गराउनु हुने भएकामा उक्त प्रयोजनका लागि सो जग्गा प्राप्तिका लागि आवश्यक कार्य अघि बढाउने ।

१८.झापा वस्तु तथा सेवा उपभोक्ता संरक्षण संघ बाट यस नगरपालिकामा आमा र माटोको स्वास्थ्य सुधार भान्सा नै औषधालय बनाउने हाम्रो गाउ शहर कार्यक्रम प्रस्ताव भई आएकामा सो कार्यक्रमका लागि रु २ लाख मात्र रकम विनियोजन गर्ने

१९. सुखानी शहिदहरुको स्मृतिमा प्रत्येक वर्ष फाल्गुण २१ गते अर्जुनधारा नगरपालिका क्षेत्रभित्र स्थानीय विदा दिने निर्णय गरियो ।

२०.एकिकृत शहरी विकास योजनाबाट डिपिआर तयार गर्न योजना छनौट गरी पठाउन अनुरोध भई आएकामा यस नगरपालिकाको बाहिरी चक्रपथ तथा भित्री चक्रपथको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्नका लागि अनुरोध गर्ने ।

२१. अर्जुनधारा नगरपालिका वडा न १ विरान गौमुखीमा निर्माण हुन गई रहेको झोलुङ्गे पुल निर्माणमा सहकार्य गर्न एक गै.स.स. छनौट गर्नुपर्ने भएको हुदां गत विगत देखि नै उक्त झोलुङ्गे पुल निर्माणका लागि पहल गरिरहेको गै.स.स. सहारा नेपाललाई छनौट गर्ने ।

२२.वन्दी सहायता नेपालको संरक्षणमा रहेका अनाथ बालबालिकाहरुको जन्मदर्ता गर्ने सम्बन्धमा सम्बन्धित वडा समितिको स्थलगत सर्जमिन मुचुल्का सहितको सिफारिसका आधारमा नगर प्रमुख ज्यू सूचक बसी जन्मदर्ता गर्ने व्यवस्था मिलाउने ।

२३.अर्जुनधारा नगरपालिकाका प्रमुख श्री हरिकुमार रानाकी धर्मपत्नी श्री शान्ती राना मगर को मिति २०७५/११/०३ गते भएको असामयिक निधन प्रति शोक सन्तप्त परिवार जनमा समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तीका लागि यो बैठक हार्दिक कामना गर्दछ ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश नेपाल